Journal of Research and Analysis
(A Multidisciplinary and Multilingual Peer-reviewed Journal)
Published by:
Technology Twenty Fifty Pvt. Ltd
Website: https://technology2050.com.np/
ISSN: 3059-9571

भवानीशङ्कर शर्माकृत 'भावार्थ सुबोधिनी' नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको समीक्षा

डा. मतिप्रसाद ढकाल[१]
नव्यव्याकरण विभाग, कालिका संस्कृत विद्यापीठ, गैँडाकोट
Email: dhakalmatip@gmail.com

लेखसार

पाणिनीय व्याकरणमा प्रवेश गर्ने मुख्य आधारग्रन्थ मानिएको 'लघुसिद्धान्तकौमुदी'को पहिलो नेपाली टीकाका रूपमा भवानीशङ्कर शर्माकृत 'भावार्थ सुबोधिनी' टीका वि.सं. १९९२ मा प्रकाशन भएको थियो र यसले नेपालमा पाणिनीय व्याकरणको परम्परागत अध्ययनमा हालसम्म पनि प्रभाव पारेको छ । यस टीकाका बारेमा हालसम्म गरिएका पूर्वाध्ययनहरू परिचयात्मक र अन्य नेपाली टीकासँगका तुलनात्मक अध्ययनमा केन्द्रित रहेकाले यस टीकाको पृथक् परिचयात्मक विश्लेषण गर्न 'भावार्थ सुबोधिनी' टीकायुक्त लघुसिद्धान्तकौमुदीका साथै संस्कृत टीकायुक्त गीताप्रेसको बहुप्रचलित 'लघुसिद्धान्तकौमुदी' ग्रन्थलाई प्राथमिक सामग्रीका रूपमा ग्रहण गरिएको छ । सुबन्त आदि मुख्य पाँच भागमा विभाजन गरी सुबन्तप्रकरणसम्म विभक्तिनिर्देश र अव्ययको सङ्केत, मूलपाठमा पढिएका सूत्र र वार्तिकको संरचनामा 'वैयाकरणसिद्धान्तकौमुदी'को प्रभाव, केही सूत्रको स्थानव्यत्यय र न्यूनतासमेत देखिए पनि व्याख्यानको मुख्य आधारका रूपमा 'व्याकरणमहाभाष्य' र 'वैयाकरणसिद्धान्तकौमुदी'लाई लिइएकाले यस टीकाका केही पृथक् विशेषताहरू रहेका देखिन्छन् । यस टीकाको परिष्कार र सम्पादनमा चन्द्रधर शर्माको समेत उल्लेख्य योगदान रहेको र यसको मूलपाठको संरचनामा 'रसाला' नामक हिन्दी टीकाको प्रभाव परेको देखिए पनि नेपालमा पाणिनीय व्याकरणको अध्ययन एवं अध्यापनको परम्परामा यस टीकाको विशेष योगदान रहेको कुरालाई यस लेखले पुष्टि गर्ने प्रयत्न गरेको छ ।

शब्दकुञ्जी : असमानता, न्यूनता, प्रभाव, विशेषता, सङ्ख्याङ्कन ।

१. विषय परिचय

वरदराजाचार्यले रचना गरेको 'लघुसिद्धान्तकौमुदी' पाणिनीय व्याकरणमा प्रवेश गर्ने मुख्य आधारग्रन्थ मानिन्छ । यसलाई अझैसरल बनाउनका लागि संस्कृत भाषाका साथै हिन्दी, नेपाली आदि विभिन्न भाषामा विभिन्न विद्वान्हरूले टीकाहरू पनि लेखेका छन् । हालसम्मको उपलब्ध तथ्याङ्कअनुसार लघुसिद्धान्तकौमुदीमाथि सर्वप्रथम नेपाली भाषामा टीका लेख्ने व्यक्ति भवानीशङ्कर शर्मा हुन् र

१. डा. मतिप्रसाद ढकाल नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत कालिका संस्कृत विद्यापीठ, गैँडाकोटमा नव्यव्याकरण विषयका सहप्राध्यापक हुनुहुन्छ । उहाँको शैक्षिक रूचि संस्कृत व्याकरण, धर्मशास्त्र, इतिहासपुराण र नेपाली साहित्य एवं व्याकरणको क्षेत्रमा केन्द्रित छ । विशेषतः धर्म र संस्कृतिसँग सम्बद्ध क्षेत्रको अध्ययन, अध्यापन र अनुसन्धान कार्यमा उहाँ संलग्न हुनुहुन्छ ।

उनले लघुसिद्धान्तकौमुदीमाथि लेखेको नेपाली टीकाको नाम 'भावार्थ सुबोधिनी' हो। यस पुस्तकको सर्वप्रथम प्रकाशन वि.सं. १९९२ मा भएको थियो र त्यसको पुनः प्रकाशन भएको थियो कि थिएन भन्ने यकिन तथ्याङ्क हालसम्म भेट्न सकिएको छैन। यो पुस्तक हाल नेपाल राष्ट्रिय पुस्तकालयमा दर्ता नम्बर ४१५४९ कायम भएर तथा मदन पुरस्कार पुस्तकालयमा दर्ता नम्बर ८८१ कायम भएर हालसम्म सुरक्षित रहँदै आएको छ भने नेपाल संस्कृत विश्वविद्यालयको शिक्षण सेवाबाट निवृत्त भएका झापानिवासी व्याकरणाचार्य एवं साहित्याचार्य पं. पुरुषोत्तम खतिवडाको व्यक्तिगत सङ्कलनमा पनि हालसम्म सुरक्षित रहेको पाइन्छ। नेपालमा संस्कृत व्याकरणको परम्परागत अध्ययन एवं अध्यापन परम्परामा यस पुस्तकले निकै सहयोग पुऱ्याएको पाइए पनि यस पुस्तकको पृथक् वैशिष्ट्यका बारेमा पाणिनीय व्याकरणका वर्तमान नेपाली अध्येताहरू परिचित हुन सकेका छैनन्। यसै सन्दर्भमा भावार्थ सुबोधिनी टीकाको मूलपाठमा केकस्ता न्यूनता र भिन्नता पाइन्छन्, यस टीकाका केकस्ता विशेषता र न्यूनताहरू रहेका छन् अनि यस टीकामा अन्य टीकाको केकस्तो प्रभाव परेको छ भन्ने मूलभूत समस्याको समाधान गर्ने उद्देश्यले यस अध्ययनमा भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको परिचय र वैशिष्ट्यका बारेमा समीक्षात्मक विश्लेषण गरिएको छ।

२. पूर्वाध्ययनको समीक्षा

भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीभन्दा पहिला नेपाली भाषामा लघुसिद्धान्तकौमुदीको टीका लेखिएको तथ्याङ्क भेट्न सकिएको छैन। 'भावार्थ सुबोधिनी' नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदी पुस्तकका बारेमा पद्मप्रसाद शर्मा, चूडामणि शर्मा र करुणाकर शर्मासमेत तीनजना विद्वान्ले अग्रभागमा व्यक्त गरेका सम्मति (शर्मा, १९९२, एषामत्र विदुषां सम्मतम्) नै यस टीकाका बारेमा सर्वप्रथम गरिएका परिचयात्मक पूर्वाध्ययन हुन्। ती अध्ययनले पाणिनीय व्याकरणका आधारमा शब्द व्युत्पादन गर्न चाहने र व्याकरण पढ्न चाहने विद्यार्थीका लागि यो पुस्तक उपयोगी र मार्गदर्शक हुने अपेक्षा राखेका छन्। त्यसपछि यस पुस्तकका टीकाकार र टीकाका बारेमा गरिएका केही पूर्वाध्ययनहरूको कालक्रमिक विवरण यसप्रकार छ :

पूर्णशङ्कर गौतम (२०७४, पृ. २४—२७) ले 'वैयाकरण भवानीशङ्कर काफ्लेको परिचय' शीर्षकको लेखमा भावार्थसुबोधिनी नेपाली टीकाका टीकाकार भवानीशङ्कर काफ्लेको परिचय दिने क्रममा भावार्थ सुबोधिनी टीकाको समेत सामान्य चर्चा गरे पनि उनका लेखमा त्यस टीकाको समीक्षा हुन सकेको देखिँदैन।

रामचन्द्र कण्डेल (२०७८) ले 'लघुसिद्धान्तकौमुद्या भावार्थसुबोधिनी–सुबोधिनीटीकयोस्तुलनात्मकमध्ययनम्' शीर्षकको विद्यावारिधिस्तरीय अनुसन्धान गर्ने क्रममा दुर्गादत्त शर्माको सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीसँग भवानीशङ्कर शर्माको भावार्थ सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीको तुलनात्मक अध्ययन गरे पनि उनका अनुसन्धानमा भावार्थ सुबोधिनी टीकाको पृथक् रूपमा समग्र समीक्षा भएको पाइँदैन।

मतिप्रसाद ढकाल (२०८१, पृ. १९५—२१३) द्वारा 'लघुसिद्धान्तकौमुदीका भावार्थ सुबोधिनी र सुबोधिनी टीकाको तुलनात्मक अनुशीलन' शीर्षकको विद्यावारिधिस्तरीय अनुसन्धानको परिचयात्मक समीक्षा गरिए पनि भावार्थ सुबोधिनी टीकाको मात्रै पृथक् रूपमा समीक्षा गरिएको भेटिँदैन।

भवानीशङ्कर भट्टराई (२०८२, पृ. २५) ले 'पाणिनीयव्याकरणव्याख्याने नेपालदेशीयमवदानम्' शीर्षकको लेखमा रामचन्द्र कण्डेल (२०७८) को विद्यावारिधिस्तरीय अनुसन्धानका शीर्षकको समेत विवरणात्मक सूचना मात्रै दिएका छन्।

यसप्रकार हालसम्म भएका उपर्युक्त पूर्वाध्ययनहरू टीकाकारको परिचय र भावार्थ सुबोधिनी टीकाको तुलनामा मात्रै केन्द्रित भएकाले भावार्थ सुबोधिनी टीकाको पृथक् परिचयसहित भावार्थ सुबोधिनी टीकायुक्त लघुसिद्धान्तकौमुदीका मूलपाठको गीताप्रेसद्वारा प्रकाशन हुँदै आएको सर्वप्रचलित लघुसिद्धान्तकौमुदीका मूलपाठसँग तुलनात्मक समीक्षा गर्नका लागि यो अध्ययन अग्रसर भएको हो।

३. अनुसन्धान विधि

सामग्री सङ्कलनका विभिन्न विधिहरूमध्ये यस लेखका लागि नमुना छनौट विधिलाई अध्ययन सामग्री सङ्कलनको आधार बनाइएको छ । भवानीशङ्कर शर्माले १९९२ सालमा तयार गरी प्रकाशनमा ल्याएको भावार्थ सुबोधिनी नामक नेपाली भाषामा लेखिएको टीकासहितको 'लघुसिद्धान्तकौमुदी' र गीताप्रेस गोरखपुरबाट १९९३ सालमा प्रकाशित संस्कृत टीकाले युक्त भएको बहुप्रचलित 'लघुसिद्धान्तकौमुदी'लाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ भने रामचन्द्र कण्डेलको विद्यावारिधिस्तरीय अनुसन्धानमा आधारित 'लघुसिद्धान्तकौमुद्या भावार्थसुबोधिनी–सुबोधिनीटीकयोस्तुलनात्मकमध्ययनम्' शीर्षकको २०७८ मा सम्पन्न शोधप्रबन्ध र सोही अनुसन्धानको समीक्षा गरिएको मतिप्रसाद ढकालको 'पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा' (भाग २) ग्रन्थअन्तर्गतको 'लघुसिद्धान्तकौमुदीका भावार्थ सुबोधिनी र सुबोधिनी टीकाको तुलनात्मक अनुशीलन' शीर्षकको समीक्षात्मक लेखसहित अन्य सम्बद्ध पुस्तक तथा लेखलाई यस अनुसन्धानमा द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । यहाँ तुलनात्मक विधिबाट परस्परमा देखापर्ने असमानता ठम्याउनाका साथै भावार्थ सुबोधिनी टीकाको आन्तरिक विश्लेषणबाट त्यसका प्रमुख विशेषता र न्यूनताहरू केलाउँदै निष्कर्षमा पुगिएको छ ।

४. सैद्धान्तिक पर्याधार

अनुसन्धानका विभिन्न सैद्धान्तिक पद्धतिहरूमध्ये कुनै दुई विषय वा क्षेत्रमा पारस्परिक प्रेरणा र प्रभावका आधारमा समानता र भिन्नताको निर्क्योल गर्ने पद्धति नै तुलनात्मक पद्धति हो । एकपक्षीय अध्ययन एवं विश्लेषण हुनबाट बच्तै तटस्थ, निरपेक्ष, वस्तुनिष्ठ र पूर्वाग्रहरहित हुनु तुलनात्मक पद्धतिको मुख्य उद्देश्य मानिन्छ । यो लेख तुलनात्मक पद्धतिका यिनै मूलभूत सैद्धान्तिक आधारलाई ध्यानमा राखेर अन्तर्विषयक विश्लेषण पद्धतिको समेत उपयोग गर्दै तयार पारिएको हो ।

५. विषय विश्लेषण

पाणिनीय व्याकरणमा प्रवेश गराउने आधारभूत ग्रन्थ मानिँदै आएको 'लघुसिद्धान्तकौमुदी'मा सर्वप्रथम वि.सं. १९९२ मा नेपाली भाषामा टीका लेख्ने व्यक्ति भवानीशङ्कर शर्मा हुन् र उनको भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीद्वारा नेपालको संस्कृत व्याकरण अध्ययन परम्परा अद्यावधि अप्रत्यक्ष रूपमा अनुप्राणित रहँदै आएको छ । त्यसैले भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको मूलपाठ र टीकाको स्वरूप, त्यसमा विद्यमान नेपाली टीकाका विशेषता र न्यूनताका साथै भावार्थ सुबोधिनी नेपाली टीकामा पूर्ववर्ती 'रसाला' हिन्दी टीकाको प्रभावको मूल्याङ्कनसमेत गरिएको यस अध्ययनमा उक्त ग्रन्थको अग्रभाग, मूलभाग र पश्चभागको परिचय र तुलनात्मक समीक्षा गर्ने क्रममा त्यस ग्रन्थमा विद्यमान असमानता, स्थानव्यत्यय, विशेषता, न्यूनता र प्रभावको समीक्षात्मक विश्लेषणसमेत गरिएको छ ।

५.१ अग्रभागको परिचय र समीक्षा

भावार्थ सुबोधिनी नेपाली टीकायुक्त 'लघुसिद्धान्तकौमुदी' पुस्तक अग्रभागमा ११, मूलभागमा ३०६ र पश्चभागमा २० गरी जम्मा ३३७ पृष्ठमा विस्तारित छ । तीमध्ये अग्रपृष्ठहरूको अध्ययन गर्दा चन्द्रधर शर्माले संशोधन गरेको, ईश्वरीप्रसाद शर्माका सुपुत्र भवानीशङ्कर शर्माले यस टीकाको रचना गरेको, भावार्थ सुबोधिनी टीका एवम् सरल सुबोधिनी टिप्पणीले युक्त भएको र पं. बालकृष्ण शास्त्रीले वि.सं. १९९२ मार्गशीर्ष पूर्णिमाका अवसरमा वाराणसीस्थित ज्योतिष प्रकाश नामक यन्त्रालयबाट प्रकाशन गरिएको स्पष्ट हुन्छ । त्यसैगरी यस पुस्तकलाई सुबन्त, तिङन्त, कृदन्त, समास र तद्धित गरी पाँच मुख्य प्रकरणअन्तर्गत क्रमशः १२, २१, ५, ६ र १६ गरी जम्मा ६० वटा

सहायक प्रकरणहरूमा विभाजन गरिएको छ । त्यस्तै यस पुस्तकको अग्रभागमा ‘सूचना’ शीर्षकमा टीकाकार वा ग्रन्थव्याख्याताले व्याकरण पढ्नुका प्रयोजनहरू तथा वैयाकरणसिद्धान्तकौमुदी र मध्यसिद्धान्तकौमुदीको रचनापछि रचना गरिएको लघुसिद्धान्तकौमुदीलाई आधार बनाएर नेपाली टीका लेख्नुको मुख्य प्रयोजनका बारेमा समेत चर्चा गरिएको छ ।

भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदी (भा.सु.ल.कौ./१९९२) र गीताप्रेसको संस्कृत टीकायुक्त प्रचलित लघुसिद्धान्तकौमुदी (गी.प्र.ल.कौ./१९९३) दुवैका बिचमा प्रथम प्रकाशनका दृष्टिले एकवर्षको मात्रै अन्तर भए पनि विषयानुक्रमणिकाका अनुसार दुवैमा संज्ञाप्रकरणदेखि स्त्रीप्रत्ययसम्मका ६० वटै प्रकरणहरू रहेका छन् । भा.सु.ल.कौ.मा सुबन्त आदि जुन पाँच मुख्य प्रकरणको विभाजन गरिएको छ त्यस्तो विभाजन गी.प्र.ल.कौ.मा देखिँदैन । गी.प्र.ल.कौ.मा संज्ञाप्रकरणबाहेक अन्यत्र ‘प्रकरण’ शब्दको प्रयोग नगरिएको भए पनि भा.सु.ल.कौ.मा ‘प्रक्रिया’ शब्द उल्लेख नगरिएका सबै सहायक प्रकरणमा ‘प्रकरण’ शब्दको उल्लेख गरिएको छ । ण्यन्त, सन्नन्त, यङन्त, आत्मनेपद, परस्मैपद, भावकर्म, कर्मकर्तृ, लकारार्थ र कृत्य प्रकरणको अन्तमा दुवै ग्रन्थमा ‘प्रक्रिया’ शब्दको उल्लेख गरिएकाले समानता पाइन्छ । भा.सु.ल.कौ.मा पाँचौँ प्रकरणका रूपमा स्वादिसन्धिप्रकरण थपिएको छ भने गी.प्र.ल.कौ.का तुलनामा भा.सु.ल.कौ.मा विभक्त्यर्थको सट्टा कारकप्रकरण, ‘समासाः’को सट्टा केवलसमासप्रकरण, विकारार्थको सट्टा प्राग्दीव्यतीयप्रकरण, यदधिकारको सट्टा प्राग्घितीयप्रकरण, त्वतलोरधिकारको सट्टा नञ्स्नञोरधिकारप्रकरण तथा भवनाद्यर्थक र मत्वर्थीय दुवैको सट्टा मत्वर्थीयप्रकरणको उल्लेख गरिएको छ ।

५.२ भावार्थ सुबोधिनी टीकाका मूलभागको परिचय र समीक्षा

भा.सु.ल.कौ.को मूलभाग ३०६ पृष्ठमा विस्तारित छ र यसलाई मुख्यतः मूलपाठ एवम् टीकाभाग गरी दुई प्रकारमा विभाजन गरेर ती दुवैको परिचय र समीक्षा गर्नु युक्तिसङ्गत देखिन्छ ।

५.२.१ मूलपाठको परिचय र तुलनात्मक समीक्षा

भा.सु.ल.कौ.को मूलपाठलाई मुख्यतः मङ्गलाचरणको पद्यमा र सुबन्त प्रकरणसम्मका सूत्र एवम् वार्तिकमा रहेका पदको विभक्तिनिर्देश एवं अव्ययसङ्केत, मूलपाठको व्याख्यामा मध्यकौमुदी र सिद्धान्तकौमुदीको प्रभाव ग्रहण, मूलपाठका सूत्र र वार्तिकको सङ्ख्याङ्कनमा असमानता, पाठगत आधिक्य र न्यूनता आदिका आधारमा परिचय र तिनको गी.प्र.ल.कौ.को मूलपाठसँग तुलनात्मक समीक्षा गर्न सकिन्छ ।

५.२.२ सुबन्तप्रकरणसम्म विभक्तिनिर्देश र अव्ययसङ्केत

भा.सु.ल.कौ.को मूलपाठको प्रारम्भमा “श्रीगणेशाय नमः” लेखेर “अथ भावार्थसुबोधिनीव्याख्यासहिता लघुसिद्धान्तकौमुदी प्रारभ्यते” उल्लेख गरिएको छ । ग्रन्थको आरम्भमा सर्वप्रचलित “नत्वा सरस्वतीं देवीं शुद्धां गुण्यां करोम्यम्, पाणिनीयप्रवेशाय लघुसिद्धान्तकौमुदीम्” मङ्गलाचरण गर्दा कुन शब्दको विभक्ति कुन हो ? क्रियापद हो कि अव्यय हो ? भन्ने कुरा अङ्क र सङ्क्षिप्त अक्षरद्वारा सङ्केत गरिएको छ । तदनुसार प्रथमा विभक्ति जनाउन ‘अहम्’ शब्दमाथि १ अङ्क, द्वितीया विभक्ति जनाउन सरस्वतीं, देवीं, शुद्धां, गुण्यां र लघुसिद्धान्तकौमुदीम् शब्दमाथि २ अङ्क, अव्यय जनाउन ‘नत्वा’ शब्दमाथि ‘अ’ सङ्केताक्षर र क्रियापद जनाउन

‘करोमि’ शब्दमाथि ‘क्रि’ सङ्केताक्षरको प्रयोग गरिएको छ भने ‘नत्वा’ र ‘सरस्वतीं’ दुवै पदमा पदवियोग हुनुपर्नेमा प्रमादवश पदयोग गरिएको छ । भा.सु.ल.कौ.मा यस किसिमको पदयोगको असावधानी मूलभाग र टीकाभाग दुवैमा धेरै ठाउँमा भएको देख्न सकिन्छ । त्यसैगरी भा.सु.ल.कौ.को मूलपाठअन्तर्गत संज्ञाप्रकरणदेखि अव्ययप्रकरणसम्म पढिएका सूत्र र वार्तिकहरूमा रहेका प्रत्येक अनव्यय सुबन्त पदको माथिपट्टि प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी र सप्तमी विभक्तिको निर्देश गर्न क्रमशः १, २, ३, ४, ५, ६ र ७ अङ्कको निर्देश गरिएको छ भने अव्यय सुबन्त पदको माथिपट्टि ‘अ’ सङ्केताक्षरको प्रयोग गरिएको छ । यस किसिमले विभक्तिनिर्देश र अव्ययनिर्देश गरिएकाले विभक्तिअनुसार शब्दको अर्थबोध गर्न र सूत्रमा कतिवटा पदहरू रहेछन् भन्ने जिज्ञासा समाधान गर्न पनि अध्येताहरूलाई सघाउ पुगेको छ । सुबन्तको अध्ययन गरिसकेका विद्यार्थीहरू आफैले प्रथमान्त, द्वितीयान्त आदि पदहरूको ज्ञान गर्न सक्ने भएकाले तिङन्तपछिका प्रकरणमा पढिएका सूत्र तथा वार्तिकहरूमा रहेका पदलाई भने सुबन्तमा पढिएका सूत्र र वार्तिकका पदलाई जस्तै अङ्क र सङ्केताक्षरद्वारा सङ्केत गर्न आवश्यक नठानिएको हो ।

५.२.३ मूलपाठका सूत्र र वार्तिकको सङ्ख्याङ्कनमा असमानता

लघुसिद्धान्तकौमुदीका प्राचीन संस्करणहरूमा सूत्रहरूको अगाडिपट्टि सूत्रसङ्ख्या उल्लेख गरिएको नभेटिए पनि अधुनातन संस्करणहरूमध्ये दुर्गादत्त शर्मा उपाध्यायको सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदी (उपाध्याय, २०५७, पृ. ७६०) को मूलपाठमा १२७१ सूत्र र ईश्वरचन्द्रको सोमलेखा हिन्दी टीकायुक्त लघुसिद्धान्तकौमुदी (ईश्वरचन्द्र, २००७, पृ. ५३९) को मूलपाठमा १२७३ सूत्र रहेको उल्लेख गरिएको छ भने प्राचीन संस्करण मानिएको भा.सु.ल.कौ.को मूलपाठमा सूत्र र वार्तिकलाई संयुक्त रूपमा सङ्ख्याङ्कन गरिएकाले जम्मा सूत्र र वार्तिकको सङ्ख्या १४२७ उल्लेख (शर्मा, १९९२, पृ. ३०६) गरिएको छ । गी.प्र.ल.कौ.को अन्तमा दिइएको वर्णानुक्रमिक वार्तिकसूचीमा उल्लेख (पाण्डेय, १९९३, पृ. ३४१—३४४) भएअनुसार लघुसिद्धान्तकौमुदीमा जम्मा ११५ वार्तिक रहेको पाइन्छ भने उक्त सूचीमा ‘एकतिङ् वाक्यम्’ वार्तिक छुट भएकाले गी.प्र.ल.कौ.मा समग्रमा ११६ वटा वार्तिक रहेका छन् । ईश्वरचन्द्रको अध्ययनमा उल्लेख गरिएको उपर्युक्त सूत्रसङ्ख्या १२७३ मा ११६ वटा वार्तिक समावेश गर्दा लघुसिद्धान्तकौमुदीमा जम्मा सूत्र तथा वार्तिकको सङ्ख्या १३८९ मात्र हुने भएकाले भा.सु.ल.कौ.मा उल्लिखित जम्मा सूत्र तथा वार्तिकसङ्ख्या १४२७ मा १३८९ घटाउँदा ३८ वटा सूत्र तथा वार्तिकसङ्ख्या बढी रहेको देखिएकाले भा.सु.ल.कौ.को सूत्र तथा वार्तिकको सङ्ख्याङ्कनमा असमानता भेटिन्छ । भा.सु.ल.कौ.को मूलपाठका व्याख्यान अंशलाई, थप अंशलाई, गणसूत्रलाई र उणादिसूत्रलाई पनि सङ्ख्याङ्कन गरिएको, एउटै सूत्रलाई दुईतिर दुई प्रकारको सङ्ख्याङ्कन गरेर उल्लेख गरिएको, कतिपय सूत्र तथा वार्तिक थप गरिएको र विद्यमान कतिपय सूत्र तथा वार्तिकको सङ्ख्याङ्कन नै नगरिएकाले यसरी सूत्र तथा वार्तिकको सङ्ख्याङ्कनमा असमानता देखिएको हो । यसरी बढ्ता अङ्कन गरिएका ४४ वटा सङ्ख्या, व्याख्यान अंश, थप अंश वा गणसूत्र र पृष्ठाङ्कको समेत विवरण निम्नानुसार छ :

१. अइउण् आदि प्रत्याहारसूत्र (पृ. १), २. इति माहेश्वराणि सूत्राण्यणादिसंज्ञार्थानानि (पृ. १), ३. हकारादिष्वकार उच्चारणार्थः (पृ. ४), ४. लण्मध्येत्वित्संज्ञकः (पृ. ४), १६. अकुहविसर्जनीयानां कण्ठः आदि (पृ. ९), १७. यत्नो द्विधा आदि (पृ. ९), १८. बाह्यप्रयत्नस्त्वेकादशधा आदि (पृ. ९), १९. कादयो मावसानाः स्पर्शाः आदि (पृ. १०), २१. कुचुटुतुपु एते उदितः (पृ. ११), २८. यत्रानेकविधमान्तर्यं तत्र स्थानत आन्तर्यं बलीयः (पृ. १२–१३), ४१. प्रतिज्ञानुनासिक्याः पाणिनीयाः (पृ. १५), ४२. लण्सूत्रस्थावर्णेन

सहोच्चार्यमाणो रेफो रलयोः संज्ञा (पृ. १५), ७७. वाक्यस्मरणयोरङित् (पृ. २३), ७८. अन्यत्र ङित् (पृ. २३), ८२. वत्वस्यासिद्धत्वान्नानुस्वारः (पृ. २४), ८४. ह्रस्वविधिसामर्थ्यान्न स्वरसन्धिः (पृ. २४), १२८/१३६. विसर्जनीयस्य सः (पृ. ३४/३६), १३३/३१२. रोऽसुपि (पृ. ३५/७६), १३८. इदुदुपधस्य चाप्रत्ययस्य (सूत्र, पृ. ३६), १४०. स्वौजसादयः परेषु (पृ. ३७), ३७९. एकतिङ् वाक्यम् (पृ. ९१), ३९३. भातेर्डवतु (उणादिसूत्र ६३, पृ. ९३), ४१४. स्वमोर्लुक् (पृ. १००), ४१७. सम्बुद्धौ नपुंसकानां नलोपो वाच्यः (वार्तिक, पृ. १०१), ४२०. लट्–१, लिट्–२ आदि (पृ. १०७), ६५९. चर्करीतं च (गणसूत्र, पृ. १५५), ७२३. व्यचेः कुटादित्वम्मसि (वार्तिक, पृ. १७३), ७३१. अडभ्यासव्यवायेऽपि (वार्तिक, पृ. १७६), ७४७. उप्रत्ययनिमित्तो लघूपधगुणः केषाञ्चिन्मते न (पृ. १८३), ८०२. तत्करोति तदाचष्टे (गणसूत्र, पृ. २००), ८०३. प्रातिपदिकाद्धात्वर्थे बहुलमिष्ठवच्च (गणसूत्र, पृ. २००), ८३४. यदा कर्मैव कर्तृत्वेन विवक्षितम्, तदा सकर्मकाणमप्यकर्मकत्वात् कर्तरि भावे च लकारः (पृ. २०७), ८६०. भोग्यमन्यत् (पृ. २१३), ८६१. धातोरित्यधिकारे (पृ. २१३), ९२८. कृवापाजिमिस्वदिसाध्यशूभ्य उण् (उणादिसूत्र, पृ. २२३), ९७७. दुह्याच्पच्दण्डरुधि... (श्लोकवार्तिक, पृ. २३२), ९८२. क्रियाया यमभिप्रैतिः सोऽपि सम्प्रदानम् (वार्तिक, पृ. २३३), ९८४. भीत्रार्थानां भयहेतुः (सूत्र, पृ. २३३), ९९०. समासः पञ्चधा (पृ. २३५), १३१०. अङ्गात्कल्याणे (गणसूत्र, पृ. २८६), १३११. लक्ष्म्या अच्च (गणसूत्र, पृ. २८६), १३८०. इति तकारपकारयोः पकारः (पृ. २९७) र १३९१. आमनडुहः स्त्रियाम्वा (वार्तिक, पृ. २९९) ।

बढ्ता सङ्ख्याङ्कन गरिएका उपर्युक्त ४४ वटा सङ्ख्याहरूमध्ये १२८/१३६ र १३३/३१२औँ संयुक्त सङ्ख्यामा एकै प्रकारका दुई सूत्र पुनरुक्त भएकाले भा.सु.ल.कौ.को सूत्रसङ्ख्यामा दुई सूत्रको आधिक्य देखिएको हो । त्यस्तै ३७९औँ नियमलाई गी.प्र.ल.कौ.मा पढिए पनि वार्तिकका रूपमा सङ्केत नगरिएकाले सि.कौ.का प्रभावमा भा.सु.ल.कौ.मा वार्तिकका रूपमा ग्रहण गर्नु युक्तिसङ्गत देखिन्छ भने ७२३औँ सङ्ख्याको वार्तिक गी.प्र.ल.कौ.मा पढिएको (पाण्डेय, १९९३, पृ. १६३) भए पनि त्यसलाई वार्तिकका रूपमा सङ्केत गरिएको देखिँदैन तर सि.कौ.कै प्रभावमा भा.सु.ल.कौ.मा वार्तिकका रूपमा ग्रहण गरिएको पाइन्छ । त्यसैगरी भा.सु.ल.कौ.मा उपर्युक्त ७३१औँ सङ्ख्याको नियमलाई प्रमादवश सूत्रका रूपमा पढिएको भए पनि गी.प्र.ल.कौ., सि.कौ. र भाष्यमा समेत त्यसलाई वार्तिकांशका रूपमा पढिएको पाइन्छ । त्यस्तै उपर्युक्त ७४७औँ नियमलाई गी.प्र.ल.कौ.मा व्याख्यात्मक अंशका रूपमा पढिएको (पाण्डेय, १९९३, पृ. १७१) भए पनि भा.सु.ल.कौ.मा वार्तिकका रूपमा पढिनु युक्तिसङ्गत देखिँदैन । यसैगरी उपर्युक्त ८०२औँ र ८०३औँ गणसूत्रलाई गी.प्र.ल.कौ.मा उल्लेख गरिएको पाइए पनि ती दुवैलाई वार्तिकका रूपमा सङ्केत गरिएको भेटिँदैन तर भा.सु.ल.कौ.मा भने ती दुवैलाई वार्तिकका रूपमा अध्ययन गरिएको छ भने ९२८औँ उणादिसूत्रलाई गी.प्र.ल.कौ.मा कुनै सङ्केत नगरीकन पढिएको (पाण्डेय, १९९३, पृ. २१२) भए पनि भा.सु.ल.कौ.मा त्यसलाई सूत्रका रूपमा सङ्केत गर्दा पाठकहरूमा यो सूत्र पनि पाणिनिकै हो भन्ने भ्रम पर्नसक्ने सम्भावना देखिन्छ । त्यसैगरी उपर्युक्त ४१७औँ, ९८२औँ र १३९१औँ वार्तिकनियम तथा १३८औँ र ९८६औँ सूत्रनियम गी.प्र.ल.कौ.मा नपढिएका भए पनि यी पाँचवटै नियमलाई भा.सु.ल.कौ.मा सि.कौ.को प्रभावबाट थप गरिएको पाइन्छ । त्यस्तै गी.प्र.ल.कौ.मा उच्चैरुदात्तः, नीच्चैरनुदात्तः आदि जुन जुन सूत्रमा वृत्ति वा व्याख्या उल्लेख गरिएको छैन त्यस्ता सूत्रमा मध्यकौमुदी र सिद्धान्तकौमुदीबाट प्रभाव ग्रहण गरी वृत्ति राखेर सूत्रव्याख्यानलाई स्पष्ट पार्ने काम पनि भा.सु.ल.कौ.को मूलपाठमा गरिएको देखिन्छ ।

५.२.४ भावार्थ सुबोधिनी टीकाको मूलपाठमा स्थानव्यत्यय

गी.प्र.ल.कौ.मा 'इणः षः' सूत्रलाई बहुव्रीहि समासमा पढिएको (पाण्डेय, १९९३, पृ. २४५) भए पनि भा.सु.ल.कौ.मा स्थानव्यत्यय गरी विसर्गसन्धिप्रकरणमा 'विसर्जनीयस्य सः' सूत्रपछि (शर्मा, १९९२, पृ. ३६) पढिएको छ । गी.प्र.ल.कौ.मा 'अन्तरं बहिर्योगोपसंव्यानयोः' सूत्रपछि 'पूर्वादिभ्यो नवभ्यो वा' सूत्र पढिएको (पाण्डेय, १९९३, पृ. ५१) भए पनि भा.सु.ल.कौ.मा स्थानव्यत्यय गरेर 'स्वमज्ञातिधनाख्यायाम्' सूत्रभन्दा अघि नै उक्त सूत्र पढिएको (शर्मा, १९९२, पृ. ५१) छ ।

५.२.५ भावार्थ सुबोधिनी टीकाको मूलपाठमा न्यूनता

गी.प्र.ल.कौ.मा 'द्विपर्यन्तानामेवेष्टिः'लाई वार्तिकका रूपमा पढिएको (पाण्डेय, १९९३, पृ. ५८) र व्याकरणमहाभाष्यमा समेत 'त्यदादीनां द्विपयन्तानामकारवचनम्' वार्तिकका विषयमा विचारविमर्श गर्दै "तस्माद् द्विपर्यन्तानानामत्त्वं वक्तव्यम्" भन्ने निष्कर्ष प्रस्तुत गरिएको (शर्मा, २०००, पृ. १७३) भए पनि भा.सु.ल.कौ.मा प्रमादवश 'द्विपयन्तानामेवेष्टिः'लाई वार्तिकका रूपमा सङ्ख्याङ्कन नगरिनुमा न्यूनता देखिन्छ । त्यस्तै सि.कौ.मा 'स्वौजस्मौट्— इति सुप्रत्यये' पढिएको भए पनि भा.सु.ल.कौ.मा त्यसको सट्टा प्रमादवश 'स्वौजसादयः परेषु इति सुप्रत्यये' पढिएको (शर्मा, १९९२, पृ. ३७), 'वक्तव्यः' पाठको सट्टा 'वाच्यः' पाठ पढिएको (पूर्ववत्, पृ. ७०), 'पररूपत्वं च' पाठको सट्टा 'पररूपत्वम्' उल्लेख गरिएको (पूर्ववत्, पृ. ८६) छ । त्यसैगरी गी.प्र.ल.कौ.मा 'क्तिन्नपीष्यते'लाई वार्तिकका रूपमा सङ्केत गरिएको भए पनि भा.सु.ल.कौ.मा समेत यसलाई पढिएको त छ (पूर्ववत्, पृ. २२६) तर सि.कौ.का प्रभावमा यसलाई वार्तिकका रूपमा सङ्केत गरिएको पाइँदैन । त्यस्तै भा.सु.ल.कौ.मा 'तत्रादौ केवलसमासः' (पूर्ववत्, पृ. २३५) उल्लेख गर्न, 'भस्याढे तद्धिते' (पूर्ववत्, पृ. २६७) लाई वार्तिकका रूपमा सङ्ख्याङ्कन गर्न, 'इगन्ताच्च लघुपूर्वात्' (पूर्ववत्, पृ. २८२) सूत्र उल्लेख गर्न, 'धान्यानां वने क्षेत्रे खञ्' (पूर्ववत्, पृ. २८२) सूत्रभन्दा अघि 'भवनाद्यर्थकप्रकरण' उल्लेख गर्न, 'तदस्यास्त्यस्मिन्निति मतुप्' (पूर्ववत्, पृ. २८६) सूत्रभन्दा अघि 'मत्वर्थीयप्रकरण' उल्लेख गर्न र 'इवे प्रतिकृतौ' (पूर्ववत्, पृ. २९४) सूत्रभन्दा अघि स्वार्थिकप्रकरण उल्लेख गर्न पनि छुट भएको देखिन्छ ।

५.२.६ भावार्थ सुबोधिनी टीकाको परिचय र यसका विशेषताहरू

भा.सु.ल.कौ. ग्रन्थमा सर्वप्रथम मूलपाठको अर्थ दिइएको छ भने त्यस अर्थलाई पनि अझैसरल तरिकाले बुझाउन सरलार्थ र भावार्थसमेत दिइएको छ । त्यसपछि शब्दहरूको व्युत्पत्ति, विग्रह र रूपसिद्धिप्रक्रियाको समेत सङ्क्षेपमा चर्चा गरिएको छ । अर्थ, सरलार्थ र भावार्थसमेत दिएर राम्रोसँग बुझाउन सक्ने टीका भएका कारण यस ग्रन्थमा उल्लिखित टीकाको नाम 'भावार्थ सुबोधिनी' राखिएको हो । यस टीकाको समीक्षा गर्दा यसमा निम्नलिखित केही प्रमुख विशेषताहरू भेट्न सकिन्छ :

(क) यस टीकाको प्रारम्भिक मङ्गलाचरण पद्यको व्याख्या गर्ने सन्दर्भमा दण्डान्वय र खण्डान्वयको अत्यन्त सरल रूपमा सोदाहरण परिचय दिइएको छ । यस किसिमको परिचय पाणिनीय व्याकरणमा आधारित हालसम्मका अन्य कुनै पनि ग्रन्थमा भेट्न सकिएको छैन । कुनै पनि पद्यमा दण्डान्वय र खण्डान्वय गरी अन्वय दुई प्रकारका हुन्छन् । पहिला पहिला अध्ययनका क्रममा विद्यार्थीहरूलाई जिज्ञासा जगाउन खण्डान्वयको पनि प्रयोग गरिन्थ्यो तर वर्तमानमा खण्डान्वयको प्रयोग गरेको भेट्न निकै मुस्किल छ । लघुसिद्धान्तकौमुदीको प्रारम्भिक मङ्गलाचरणको दण्डान्वय यसरी गरिएको छ : "अहं शुद्धां गुण्यां सरस्वतीं देवी नत्वा पाणिनीयप्रवेशाय लघुसिद्धान्तकौमुदीं करोमि" (पृ. २) । त्यसैगरी त्यसको खण्डान्वय यसरी हुने कुरा उल्लेख (पृ. २) गरिएको छ : "अहं लघुसिद्धान्तकौमुदीं करोमि, किं कृत्वा ? सरस्वतीं देवीं नत्वा, कथं भूतां सरस्वतीम् ? शुद्धाम्, पुनः कथं भूतां ताम् ? गुण्याम्, कस्मै प्रयोजनाय ? पाणिनीयप्रवेशाय ।" व्याकरणजस्तो

रूखो विषयलाई पनि जिज्ञासामूलक बनाएर अध्यापन गर्नका लागि दण्डान्वयभन्दा खण्डान्वय नै बढ्ता प्रभावकारी हुनसक्छ । यही खण्डान्वयमा पौरस्त्य अनुसन्धानको एउटा आधारस्रोत भेट्न सकिन्छ ।

(ख) वर्णहरूको पृथक् रूपमा बोध हुन सकोस् भनेर अथवा स्वरवर्ण चादिगणमा पढिएकाले 'चादयोऽसत्त्वे' सूत्रले निपातसंज्ञा भई प्रकृतिभाव भएकाले अइउण् आदि सूत्रमा यिनको स्वरसन्धि नभएको हो भन्ने कुराको व्याख्या पनि यसै टीका (पृ. ४) मा पाइन्छ ।

(ग) प्रचलित वर्णमालाको वर्णक्रमअनुसार ए, ऐ, ओ र औ नपढेर वर्णसमाम्नायमा क्रमशः ए र ओ तथा ऐ र औ पढिएकाले एकार र ऐकारको तथा ओकार र औकारको समेत सवर्णसंज्ञा नहुँदो रहेछ भन्ने बुझिन्छ । यस टीकाले यिनका बिचमा सवर्णसंज्ञा नहुने कुराको व्याख्या (पृ. ४) गर्ने आधार सिद्धान्तकौमुदी (सि.कौ.) बाट ग्रहण गरेको देखिन्छ ।

(घ) पाणिनीय व्याकरणमा संज्ञा, परिभाषा, विधि, नियम, अतिदेश र अधिकार गरी ६ प्रकारका सूत्र रहेको चर्चा सर्वत्र पाइन्छ तर यस टीकामा "प्रतिषेधोऽनुवादश्च विभाषा च निपातनम्, एतच्चतुष्टयं क्षिप्त्वा दशधा सूत्रलक्षणम्" श्लोकको उल्लेख (पृ. ४) गरी १० प्रकारका सूत्र रहेको चर्चासमेत गरिएको छ । पछिल्ला चार प्रकारका सूत्रको चर्चा जैनव्याकरणमा भएको (मिश्र, २०२१, पृ. ६९) पाइए पनि नेपालीमा सर्वप्रथम भावार्थ सुबोधिनी नामक यस टीकाका टीकाकार भवानीशङ्कर शर्माले नै गरेका हुन् र हालसम्म अन्य कुनै नेपाली टीकाकार वा लेखकले समेत यस विषयमा चर्चा गरेको पाइँदैन ।

(ङ) इत्संज्ञा, घिसंज्ञा आदि संज्ञाहरू धेरै भए पनि यिनका अर्थमा तात्त्विक भिन्नता रहँदैन तर यिनको प्रयोजनमा भिन्नता छ भन्ने कुराको व्याख्या (पृ. ४) पनि यसै टीकामा भेटिन्छ ।

(च) यस टीकामा अनुस्वार र विसर्गको व्याख्या गर्दा "शिरोविन्दुरनुस्वारो विन्दु द्वौ च विसर्गकौ, शृङ्गवद् बालवत्सस्य कुमारीस्तनयुग्मवत्, नेत्रवत् कृष्णसर्पस्य विसर्गोऽयमिति स्मृतः" श्लोकको उद्धरण गरिएको छ (पृ. १०) । यसको नेपाली व्याख्या नगरिएको भए पनि पाणिनीय व्याकरणको टीकालेखनको परम्परामा अन्य कुनै पनि कौमुदीमा यसरी विसर्गको परिचय दिइएको देखिँदैन । पाणिनीयेतर कातन्त्रव्याकरण (शास्त्री, १९९२, पृ. ४) मा भने विसर्गलाई चिनाउने सन्दर्भमा उपर्युक्त "शृङ्गवद्..." इत्यादि श्लोक उद्धरण गरिएको पाइन्छ ।

(छ) बालमनोरमाकार र तत्त्वबोधिनीकार दुवैले 'यस्मिन्विधिस्तदादावल्ग्रहणे'लाई वार्तिक ठानेका (शर्मा, १९८६, पृ. ७५) भए पनि यस टीकामा त्यसलाई परिभाषा ठानेर (शर्मा, १९९२, पृ. १४) 'वान्तो यि प्रत्यये' सूत्रमा तदादि विधिका कारण उक्त सूत्रको अर्थ स्पष्ट भएको ठहर गरिएको छ ।

(ज) गी.प्र.ल.कौ.मा पृथक् रूपमा स्वादिसन्धिप्रकरणको अध्ययन नगरिएको भए पनि भा.सु.ल.कौ.मा (शर्मा, १९९२, पृ. ३७—४०) त्यसलाई पृथक् प्रकरणका रूपमा पढिएको छ ।

यस टीकाका थप विशेषताहरू यसप्रकार छन् : 'गुणपवादः'लाई स्पष्ट पार्नु (पृ. १७), 'अक्षौहिणी' शब्दमा वृद्धि हुने विग्रह र वृद्धि नहुने विग्रह उल्लेख गर्नु (पृ. १७), मूलपाठमा उपसर्गहरूको सङ्ख्याङ्कन र टीकामा तिनको नेपाली अर्थनिर्देश गर्नु (पृ. १८), 'शिव+आ+इहि'मा सवर्णदीर्घ र गुण दुवै पाउँदा "धातूपसर्गयोः कार्यत्वेन अन्तरङ्गत्वात्" उल्लेख गर्नु (पृ. २०), सिद्धान्तकौमुदी र मध्यकौमुदी दुवैमा 'प्लुतप्रगृह्या अचि नित्यम्' सूत्रबाट प्रकृतिभावसन्धिको प्रारम्भ गरिएको भए पनि यस टीकाको मूलपाठमा 'सर्वत्र विभाषा गोः' सूत्र प्रारम्भ हुनुपूर्व नै 'अथाच्सन्धौ प्रकृतिभावः' उल्लेख गर्नु (पृ. २०), 'नः पदान्ताट्टोरनाम्' सूत्रमा 'टोः' ग्रहण गर्नुलाई स्पष्ट पार्नु (पृ. २६), अजन्तपुल्लिङ्ग प्रकरणको प्रारम्भ गर्नुलाई शब्दप्रकरणको सुरुवात उल्लेख गर्नु (पृ. ४०), 'रामः' शब्दको रूपसिद्धि गर्ने क्रममा 'खले कपोतन्यायेन' उल्लेख गर्नु (पृ. ४१), राम आदि सुबन्त शब्दको रूपसिद्धि गर्ने क्रममा तालिकाबद्ध रूपमा सातवटै विभक्तिको

अर्थ तथा राम आदि शब्दका सातवटै विभक्ति र तीनवटै वचनका रूपको भिन्नाभिन्नै नेपाली अर्थ निर्देश गर्नु (पृ. ४८), सम्बोधनको लक्षण र त्यसको नेपाली व्याख्या गर्नु (पृ. ४८), दुःख आदि हरण गर्नेलाई 'हरि' भनेर व्याख्या गर्नु (पृ. ५५), 'ब्रह्मनिष्ठः' शब्दको मूलपाठमै विग्रह थप्नु (पृ. ७९), 'हेतुहेतुमद्भाव' शब्दको सोदाहरण परिचय दिनु (पृ. ११७) आदि । यसका साथै यस्तै अन्य विशेषताहरू पनि भा.सु.ल.कौ.को टीकाभागमा रहेका देखिन्छन्, विस्तारभयले यहाँ तिनको थप चर्चा नगरिएको हो ।

५.२.७ भावार्थ सुबोधिनी टीकाका न्यूनताहरू

भा.सु.ल.कौ. पुस्तकको मूलभागमा र टीकाभागमा समेत पदवियोग गर्नुपर्ने ठाउँमा पदयोग गरिएका प्रशस्त उदाहरणहरू भेटिनु यस पुस्तकको प्रमुख न्यूनता मानिन्छ । यस पुस्तकको अन्तमा ३२५ र ३२६ पृष्ठमा सङ्क्षेपमा शुद्धाशुद्धपाठ दिइएको र अन्तमा थप त्रुटिहरूको सूची निकालिनेछ भन्ने सूचनासमेत उल्लेख गरिएको भए पनि सूचीमा दिइएका बाहेक यस पुस्तकका अन्य शब्दमा समेत वर्णविन्यासगत प्रशस्त कसरहरू रहेका भेटिन्छन् भने थप सूची पनि निकालिएको देखिँदैन । सूत्र र वार्तिकको सङ्ख्याङ्कन नगर्नुपर्ने स्थलमा सङ्ख्याङ्कन गरिएको र सङ्ख्याङ्कन गर्नुपर्ने कतिपय सूत्र र वार्तिकलाई सङ्ख्याङ्कन नगरिएका स्थलहरू पनि यस पुस्तकमा भेटिन्छन् ।

५.३ पश्चभागको परिचय र समीक्षा

भा.सु.ल.कौ.को पश्चभागमा रहेका २० पृष्ठहरूअन्तर्गत क्रमशः नेपाली अर्थ र टिप्पणीसहित ६१ श्लोकको पाणिनीयशिक्षाको मूलपाठ, नेपाली अर्थरहित परिभाषापाठ, भा.सु.ल.कौ.मा प्रयुक्त अष्टाध्यायीका सूत्रहरूको वर्णानुक्रमिक सूची तथा उदाहरणमा प्रयोग गरिएका अर्द धातुदेखि हसे धातुसम्मका ४२ वटा धातुहरूको भ्वादि आदि गण, आत्मनेपद आदि पद, सकर्मक वा अकर्मक तथा इट् आगम हुने सेट्, विकल्पले इट् आगम हुने वेट् र इट् आगम नहुने अनिट्को समेत सङ्केत गरिएको छ भने अन्तमा सङ्क्षेपमा शुद्धाशुद्धिको पाठ समावेश गरिएको छ । पाणिनीय शिक्षाको नेपाली व्याख्याको अन्तमा "इति श्रीईलामनगरनिवासी श्री चन्द्रधर शर्मासूरिनिर्मित" (पृ. ३१३) उल्लेख गरिएकाले पाणिनीय शिक्षाको व्याख्या टीकाकार भवानीशङ्कर शर्माले नभई संशोधक चन्द्रधर शर्माले गरेका रहेछन् र उनको बसोवास इलामनगरमा रहेछ भन्ने पुष्टि हुन्छ । त्यस्तै परिभाषापाठको अन्तमा "श्री चन्द्रधरशर्मा सूरि सङ्गृहीत" (पृ. ३१४) उल्लेख गरिएको हुँदा र शुद्धिपत्रको अन्तमा उल्लिखित सूचना पनि पं. चन्द्रधर शर्माले नै जारी गरेको हुँदा भा.सु.ल.कौ. पुस्तकको पश्चभागको सम्पादनमा टीकाकार भवानीशङ्कर शर्माको भन्दा चन्द्रधर शर्माको नै विशेष योगदान रहेको पुष्टि हुन्छ ।

५.४ भावार्थ सुबोधिनी नेपाली टीकामा 'रसाला' हिन्दी टीकाको प्रभाव

व्रजरत्न भट्टाचार्यले तयार गरेको 'रसाला' नामक हिन्दी टीकाले युक्त लघुसिद्धान्तकौमुदीको प्रकाशन वि.सं. १९५३ मा भारतको मुम्बईबाट भएको थियो । अग्रभागमा १५, मूलभागमा ४०८ र पश्चभागमा ८८ गरी जम्मा ५८३ पृष्ठमा विस्तारित यस पुस्तकको अन्तिम सूत्र 'यूनस्तिः'लाई १४१०औँ सङ्ख्या अङ्कन गरिएकाले यस पुस्तकमा सूत्र तथा वार्तिकको जम्मा सङ्ख्या १४१० रहेको पुष्टि हुन्छ । यस पुस्तकबाट वि.सं. १९९२ मा प्रकाशित भवानीशङ्कर शर्माको भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीको मूलपाठ प्रभावित भएको पाइन्छ । उदाहरणका रूपमा 'रसाला' टीकायुक्त लघुसिद्धान्तकौमुदीको भूमिकामा रहेको मुखबन्धका 'शस्त्रशास्त्रमधीत्य

यः पुमान्...’ (पृ. २) र ‘प्रथमतः पठनं कठिनं कृतम्...’ (पृ. ३) दुई श्लोक तथा भाषानुवादको प्रारम्भ एवं पूर्ण गरेको सन्दर्भ (पृ. ५) र बाँकी रहन गएका त्रुटिहरू द्वितीयावृत्तिमा निराकरण गर्ने प्रसङ्ग (पृ. ५) बाट भावार्थ सुबोधिनी टीकाको भूमिकाभाग प्रभावित छ। त्यसैगरी ‘रसाला’ टीकायुक्त पुस्तकमा अइउण् आदि सूत्रलाई १ र ‘इति माहेश्वराणि सूत्राण्यणादिसंज्ञार्थानि’लाई २ सङ्ख्याङ्कन गर्नु, अइउण् आदि १४ वटै सूत्रको माथिपट्टि र दायाँपट्टि पनि क्रमशः १४ वटै अङ्क दिनु, समग्र सूत्र र वार्तिकलाई सामूहिक रूपमा सङ्ख्याङ्कन गर्दै जानु, ‘वाक्यस्मरणयोरङित्’लाई वार्तिक ठान्नु (पृ. २८), ‘स्वमज्ञातिधनाख्यायाम्’ सूत्रभन्दा अघि ‘पूर्वादिभ्यो नवभ्यो वा’ सूत्र पढ्नु (पृ. ६२), ‘द्विपर्यन्तानामेवेष्टिः’लाई वार्तिकका रूपमा ग्रहण नगर्नु (पृ. ७३), ‘एकतरात् प्रतिषेधो वक्तव्यः’को सट्टा ‘एकतरात् प्रतिषेधो वाच्यः’ पढ्नु (पृ. ९५), एउटै ‘रोऽसुपि’ सूत्रलाई विसर्गसन्धिप्रकरणमा १३०औँ सूत्रका रूपमा (पृ. ४७) र हलन्तपुँल्लिङ्गप्रकरणमा २९६औँ सूत्रका रूपमा पढ्नु (पृ. १०४) आदि कारणले गर्दा भावार्थ सुबोधिनी नेपाली टीकाको मूलपाठमा ‘रसाला’ हिन्दी टीकायुक्त पुस्तकको प्रभाव परेको ठान्न सकिन्छ। अइउण् आदि प्रत्येक १४ सूत्रको माथिपट्टि टिप्पणीमूलक जुन १४ वटा सङ्ख्याको उल्लेख गरिएको छ, त्यसका आधारमा ‘रसाला’ हिन्दी टीकाले पादटिप्पणीका रूपमा ती सूत्रबाट निर्माण गरिने प्रत्याहारहरूको चर्चा गरेको छ तर त्यसकै प्रभावमा भावार्थ सुबोधिनी टीकाको पादटिप्पणीमा त्यसबारे चर्चा गरिनुपर्नेमा कुनै चर्चा नभएकाले भावार्थ सुबोधिनी टीकायुक्त पुस्तकको मूलपाठमा त्यसरी निरर्थक रूपमा पादटिप्पणीमूलक १४ वटा सङ्ख्याहरू उल्लेख गरिनु युक्तिसङ्गत देखिँदैन।

६. निष्कर्ष

शब्दनिर्माणसम्बन्धी पाणिनीय व्याकरणका आधारभूत मान्यताहरूलाई सरलीकृत रूपमा अध्ययन गरिएको वरदराजाचार्यकृत लघुसिद्धान्तकौमुदीमा समेटिएका विषयवस्तुलाई नेपाली भाषाका माध्यमले सरल रूपमा बुझाउन भवानीशङ्कर शर्माले भावार्थ सुबोधिनी नेपाली टीकायुक्त ‘लघुसिद्धान्तकौमुदी’लाई वि.सं. १९९२ मा नै प्रकाशनमा ल्याएका थिए र त्यस टीकाका माध्यमले पाणिनीय व्याकरणको अध्ययन एवं अध्यापनको नेपाली परम्परा हालसम्म पनि अनुप्राणित रहँदै आएको छ। यस टीकाका मूलपाठको संरचनामा ‘रसाला’ नामक हिन्दी टीकायुक्त ‘लघुसिद्धान्तकौमुदी’को प्रभाव परेको र यस टीकाको मूलपाठमा उल्लेख गरिएका १४२७ वटा नियमहरूमध्ये ४२ वटा नियमहरू आलोच्य रहेको, दुईवटा सूत्र पुनरूक्त भएको, दुईवटा नियममा स्थानव्यत्यय गरिएको र यसमा केही न्यूनताहरू देखिएका भए पनि यस टीकाको मुख्य प्राप्ति नै नेपाली भाषामा पाणिनीय व्याकरणका मान्यतालाई परिपक्व र प्रामाणिक बनाउनुमा रहेकाले यस टीकामा देखापरेका मुख्य विशेषताहरूले सामान्य पाठकदेखि लिएर पाणिनीय व्याकरणका गहन अध्येतालाई समेत आकृष्ट गर्छन्। वर्तमानमा भावार्थ सुबोधिनी नेपाली टीकायुक्त लघुसिद्धान्तकौमुदीलाई पठनपाठनको प्रत्यक्ष अङ्ग नबनाइएको भए पनि यस टीकाको अध्ययन गर्ने गुरुपरम्पराबाट हालसम्मका पाणिनीय व्याकरणका नेपाली अध्येताहरू अप्रत्यक्ष रूपमा लाभान्वित हुँदै छन्। त्यसैले पाणिनीय व्याकरणको नेपाली अध्ययनपरम्परामा यस टीकाले विगतदेखि वर्तमानसम्म विशेष योगदान दिँदै आएको देखिन्छ।

सन्दर्भ कृतिसूची

ईश्वरचन्द्र (व्याख्या. २००७ सन्), लघुसिद्धान्तकौमुदी (वरदराजाचार्यविरचित, सोमलेखा हिन्दी व्याख्यासहित), दिल्ली : संस्कृत ग्रन्थागार।

उपाध्याय, दुर्गादत्त शर्मा (व्याख्या. २०५७), लघुसिद्धान्तकौमुदी (वरदराजाचार्यविरचित, सुबोधिनी नेपाली टीकासहित), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय।

कण्डेल, रामचन्द्र (२०७८), लघुसिद्धान्तकौमुद्या भावार्थसुबोधिनी–सुबोधिनीटीकयोस्तुलनात्मकमध्ययनम्, दाङ : नेपाल संस्कृत विश्वविद्यालयको विद्यावारिधिस्तरीय अप्रकाशित शोधप्रबन्ध ।

गौतम, पूर्णशङ्कर (२०७४), वैयाकरण भवानीशङ्कर काफ्लेको परिचय, नेपाल, वर्ष ५६, अङ्क ४१, पृ. २४—२७, धरान : नेपाल विद्यार्थी संघ पिण्डेश्वर विद्यापीठ एकाइ समिति ।

ढकाल, मतिप्रसाद (२०८१), पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा (भाग २), नवलपरासी : आगम ढकाल ।

पाण्डेय, रामनारायणदत्त (सम्पा. १९९३) लघुसिद्धान्तकौमुदी (सत्रौँ संस्क. २०४०), गोरखपुर : गीताप्रेस ।

भट्टराई, भवानीशङ्कर (२०८२), पाणिनीयव्याकरणव्याख्याने नेपालदेशीयमवदानम्, शोधसुधा, वर्ष ३, अङ्क ३, पृ. १—३२, धरान ।

भट्टाचार्य, व्रजरत्न (१९५३), लघुसिद्धान्तकौमुदी (वरदराजाचार्यविरचित, रसाला हिन्दी टीकासहित), मुम्बई : लक्ष्मी वेङ्कटेश्वर यन्त्रालय ।

मिश्र, शशिभूषण (२०२१ सन्), पाणिनीयपरम्परायां सूत्रं तद्विभाजनं च, राष्ट्रिय हिन्दी एवं संस्कृत शोधपत्रिका, पूर्णाङ्क ३७, पृ. ६६—७०, https://sanskritarticle.com/wp-content/uploads/20-37 Dr.Shashibhushan.Mishra.pdf

शर्मा, दधिराम (सम्पा. २००० सन्), व्याकरणमहाभाष्यम् (षष्ठं खण्डम्, पतञ्जलिविरचितम्), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

शर्मा, भवानीशङ्कर (व्याख्या. १९९२), लघुसिद्धान्तकौमुदी (वरदराजाचार्यविरचित, भावार्थ सुबोधिनी नेपाली टीकासहित), वाराणसी : ज्योतिष प्रकाश यन्त्रालय ।

शास्त्री, जीवराम (सम्पा. १९५२), कातन्त्रव्याकरणम् (जैनाचार्यप्रणीतम्), मुम्बई : निर्णयसागर यन्त्रालय ।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा. १९६१), वैयाकरणसिद्धान्तकौमुदी (भट्टोजिदीक्षितविरचित, छैटौं संस्क. १९८६), वाराणसी : मोतीलाल बनारसीदास ।